# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, मंसिर १४ गते २०६१ साल (संख्या ३२

## भाग ३

### श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा १ (क) ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यभर विभिन्न जिल्लामा रहेको स्ववासी घर जग्गा दर्ता गर्ने प्रयोजनको लागि देहायबमोजिमको समिति गठन गरी काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने गरी तोकेको छ ।

१. समितिको गठनः- समितिमा देहायबमोजिमका अध्यक्ष र सदस्यहरू हुनेछन्:-

(क) प्रमुख, सम्बन्धित जिल्ला मालपोत कार्यालय — अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला विकास समिति — सदस्य

(ग) प्रतिनिधि, सम्बन्धित नगरपालिका / गाउँ विकास समिति — सदस्य

(घ) प्रमुख, सम्बन्धित जिल्ला नापी शाखा — सदस्य

२. समितिको काम, कर्तव्य र अधिकारः- (१) समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

962

क) शुरूमा (साविक) नापीका समयमा फिल्डबुकमा व्यक्तिको नाम भई घरबास, घर जग्गा, स्ववासी घर, घडेरी, करेसाबारी वा घडेरी अर्थ आउने व्यहोरा उल्लेख भई नाप-नक्शा भएको, तर पहिले दर्ता नभएको स्ववासी घर जग्गा दर्ता गर्ने ।

ख) सम्भव भएसम्म भूमिसम्बन्धी ऐन, २०२१ तथा भूमिसम्बन्धी नियमहरू, २०२१ अन्तर्गतका अनुसूचीहरू, भोग, घर भएको निस्सा एवं रसिद, कर तिरेको प्रमाण, विद्युत, खानेपानीको रसिद आदिलाई प्रमाणको रूपमा लिई व्यक्ति विशेषको नाममा जग्गा दर्ता गर्ने ।

ग) जग्गा दर्ता सम्बन्धमा निवेदन लिने, मिसिल प्रमाण झिकाउने, सूचना प्रकाशन गर्ने, सरजमीन गर्ने, सम्बन्धित नगरपालिका / गाउँ विकास समितिको सिफारिश, सम्बन्धित व्यक्ति वा साँध सँधियार बुझ्ने, लगायतका कार्यविधि समिति आफैले तय गर्नेछ ।

घ) समितिले आफ्नो अवधिभित्र सम्पन्न गरेका कार्यहरूका मिसिल कागजातहरू सम्बन्धित मालपोत कार्यालयमा अभिलेखबद्ध गरी राख्नेछ ।

३. समितिको बैठक र निर्णयः- (१) समितिको निर्णय बहुमतको आधारमा हुनेछ ।

२) समितिको निर्णयानुसार जग्गाधनी प्रमाणपूर्जा / श्रेस्ता अध्यक्षद्वारा प्रमाणित गरिनेछ ।

३) समितिले मालपोत कार्यालयको सहयोगमा आफ्नो नियमित कार्य सम्पन्न गर्नेछ ।

४. समितिको कार्यावधिः- समितिले कार्य प्रारम्भ गरेको मितिले ६ महिना-भित्र तोकिएको काम समाप्त गरी सक्नेछ र कार्य सम्पन्न भएपछि अध्यक्षले सो को प्रतिवेदन विभाग एवं मन्त्रालयमा बुझाउनु पर्नेछ ।

आज्ञाले,
विजयराज भट्टराई
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार
## स्वास्थ्य मन्त्रालयको सूचना

नर्सिङ्ग परिषद् ऐन, २०५२ को दफा २१ को उपदफा (१)बमोजिम परिषद्ले देहायका शिक्षण संस्था र शैक्षिक कार्यक्रमहरूलाई देहाय बमोजिमको मितिबाट मान्यता प्रदान गरेकोले सोही दफाको उपदफा (२) को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | शिक्षण संस्थाको नाम | ठेगाना | शैक्षिक कार्यक्रम | मान्यता दिएको मिति |
|---|---|---|---|---|
| १. | बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | धरान, सुनसरी | बेसिक.बी.एस्सी. नर्सिङ | २०५८।०५।०६ |
| २. | ललितपुर नर्सिङ क्याम्पस | सानेपा, ललितपुर | प्रमाण-पत्र तह (P.C.L.)नर्सिङ | २०५८।०९।२६ |
| ३. | नर्सिङ क्याम्पस महाराजगंज | महाराजगंज, काठमाडौं | प्रमाण-पत्र तह (P.C.L.)नर्सिङ | २०५९।०२।२७ |
| ४. | वीर अस्पताल विकास समिति नर्सिङ क्याम्पस | महाबौद्ध, काठमाडौं | प्रमाण-पत्र तह (P.C.L.)नर्सिङ | २०५९।०२।२७ |
| ५. | तानसेन नर्सिङ स्कूल | तानसेन, पाल्पा | प्रमाण-पत्र तह (P.C.L.)नर्सिङ | २०५९।०२।२७ |
| ६. | बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | घोपा, धरान, सुनसरी | प्रमाण-पत्र तह (P.C.L.)नर्सिङ | २०५९।०९।१८ |
| ७. | धुलिखेल मेडिकल इन्स्टिच्यूट | धुलिखेल, काभ्रे | प्रमाण-पत्र तह (P.C.L.)नर्सिङ | २०५९।०९।१८ |
| ८. | सुषमा कोइराला मेमोरियल नर्सिङ क्याम्पस | बत्तीसपुतली, काठमाडौं | प्रमाण-पत्र तह (P.C.L.)नर्सिङ | २०६०।०१।०३ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

962

| | | | | |
|---|---|---|---|---|
| ९. | ओम इन्स्टिच्यूट फर हेल्थ म्यान पावर (प्रा.) लि, | सिनामंगल, काठमाडौं | प्रमाण-पत्र तह (P.C.L.) नर्सिङ | २०६०।०१।०३ |
| १०. | श्रद्धा नर्सिङ क्याम्पस | चुनदेवी, भक्तपुर | प्रमाण-पत्र तह (P.C.L.) नर्सिङ | २०६०।०१।०३ |
| ११. | मणिपाल टिचिङ हस्पिटल | फुलवारी, पोखरा, कास्की | प्रमाण-पत्र तह (P.C.L.) नर्सिङ | २०६०।०२।२८ |
| १२. | नेपालगंज नर्सिङ क्याम्पस (म्यानेजड बाई लर्डबुद्ध एजुकेशनल एकेडेमी लिमिटेड) | नेपालगंज, बाँके | प्रमाण-पत्र तह (P.C.L.) नर्सिङ | २०६०।०६।३० |
| १३. | ओम इन्स्टिच्यूट फर हेल्थ म्यानपावर डेभलपमेण्ट (प्रा.) लि. | सिनामङ्गल, काठमाडौं | अ.न.मि. (ANM) | २०६०।१२।१८ |
| १४. | अनुसन्धानात्मक विकास शिक्षा प्रतिष्ठान | नयाँसडक, पोखरा, कास्की | अ.न.मि. (ANM) | २०६०।१२।१८ |
| १५. | सेती महाकाली नर्सिङ क्याम्पस | कन्चनपुर, महाकाली | प्रमाण-पत्र तह (P.C.L.) नर्सिङ | २०६१।०२।०८ |
| १६. | जनशक्ति विकास तथा अनुसन्धान संस्थान | बिजुलीबजार, काठमाडौं | अ.न.मि. (ANM) | २०६१।०२।०८ |
| १७. | काठमाण्ड मोडेल अस्पताल स्कूल अफ नर्सिङ | बागबजार, काठमाडौं | प्रमाण-पत्र तह (P.C.L.) नर्सिङ | २०६१।०३।१६ |
| १८. | हिमालयन मेडिकल एजुकेशन सोसाइटी प्रा.लि. नर्सिङ क्याम्पस | ग्वार्को, ललितपुर | प्रमाण-पत्र तह (P.C.L.) नर्सिङ | २०६१।०३।१६ |
| १९. | इन्स्टिच्यूट अफ मेडिकल टेक्नोलोजि | भरतपुर चितवन | प्रमाण-पत्र तह (P.C.L.) नर्सिङ | २०६१।०३।१६ |
| २०. | फूलचोकी नर्सिङ क्याम्पस | बनेपा, काभ्रे | प्रमाण-पत्र तह (P.C.L.) नर्सिङ | २०६१।०३।१६ |

आज्ञाले,

मोहनबहादुर कार्की

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१८०६

## श्री ५ को सरकार
## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले कूटनैतिक समूह (श्रेणी विभाजन, नियुक्ति र सरुवा) नियमहरू, २०५० को नियम १६ ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरुको अनुसुची– २ को खण्ड २ को उपखण्ड (ज) पछि देहायको उपखण्ड (झ) पदनाम थप गरेको छ ।

(झ) "सम्पर्क अधिकृत" —

आज्ञाले,
माधवप्रसाद घिमिरे
श्री ५ को सरकारको सचिव

## श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी जर्मनीस्थित Henkel K Ga A नामक संस्थाले सहयोगस्वरूप कान्ति बाल अस्पताल तथा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताललाई उपलब्ध गराउने देहायबमोजिमका सामानहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल असुल गरी अरू भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | सामान प्राप्त गर्ने अस्पताल | सामान विवरण | मूल्य |
|---|---|---|---|
| १ | कान्ति बाल अस्पताल, महाराजगञ्ज | खेलौना तथा चिकित्सा उपकरण ४९५.०के. जी. | २०० युरो |
| २. | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल महाबौद्ध | खेलौना तथा चिकित्सा उपकरण ६६३.२ के. जी. | ४०० युरो |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
766

## सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध नेपाल प्राविधिक सहयोग समूह नामक गैरसरकारी संस्थाले घुम्ति शिविरको माध्यमबाट रतन्धो भएको गर्भवती महिलाहरूको आँखा परीक्षण गर्ने कार्यका लागि अमेरिकाको अरिजोना विश्वविद्यालयबाट उपहार स्वरूप प्राप्त हुने अमेरिकी डलर ६,०००।– मूल्य बराबरको त्रिपालहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई अन्य भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी सिंगापुरका लागि अवैतानिक शाही नेपाली महावाणिज्यदूत Mr. M. N. Swami बाट बीर अस्पतालमा प्रयोगको लागि उपहार स्वरुप प्राप्त हुने दश थान Dialysis Machines हरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई अरू महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना १

श्री ५ को सरकारको २०६१ साल साउन ३२ गतेको निर्णयानुसार वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री चण्डीप्रसाद श्रेष्ठलाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा राखिएको छ।

### सूचना २

श्री ५ को सरकारको २०६१ साल भदौ २२ गतेको निर्णयानुसार निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका देहायका अधिकृतहरूलाई सोही सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गरिएको छ।

| क्र. सं. | नाम, थर |
|---|---|
| १. | श्री रामकृष्ण पन्त |
| २. | श्री जनकराज जोशी |
| ३. | श्री उमेशप्रसाद मैनाली |
| ४. | श्री भरतबहादुर थापा |
| ५. | श्री लीलाप्रसाद शर्मा |
| ६. | श्री माधवप्रसाद घिमिरे |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

965

## सूचना ३

श्री ५ को सरकारको २०६१ साल असोज १४ गतेको निर्णयानुसार निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरिएको छ ।

| क्र.सं. | नाम, थर | साबिकको पद र मन्त्रालय/सचिवालय/आयोग/कार्यालय | हाल सरुवा भएको पद र मन्त्रालय/सचिवालय/आयोग/कार्यालय |
|---|---|---|---|
| १. | श्री चण्डीप्रसाद श्रेष्ठ | रा. प. विशिष्ट श्रेणी सामान्य प्रशासन मन्त्रालय, अतिरिक्त समूह | सचिव, गृह मन्त्रालय |
| २. | श्री अनन्तराज पाण्डे | सचिव, गृह मन्त्रालय | सचिव, वन तथा भू-संरक्षण मन्त्रालन |
| ३. | श्री लक्ष्मकुमार देवकोटा | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय |
| ४ | श्री मोहनबहादुर कार्की | सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय | सचिव, स्वास्थ्य मन्त्रालय |
| ५. | श्री भोजराज घिमिरे | सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ६. | श्री बालकृष्ण प्रसाईं | सचिव, अख्तियार दुरूपयोग अनुसन्धान आयोग | सचिव, स्थानीय विकास मन्त्रालय |
| ७. | श्री देवराज रेग्मी | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव जनसंख्या तथा वातावरण मन्त्रालय |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ८. श्री रवीन्द्रमान जोशी | क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, मध्यपश्चिमाञ्चल विकास क्षेत्र | प्रमुख अधिकृत, राष्ट्रिय सतर्कता केन्द्र |
| ९. श्री टीकादत्त निरोला | सचिव, सामान्य प्रशासन मन्त्रालय | सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय |
| १०. श्री तीर्थराज शर्मा | सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय | कार्यकारिणी सचिव, जल तथा शक्ति आयोगको सचिवालय |
| ११. श्री गोविन्दप्रसाद पाण्डे | क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रशासन कार्यालय, मध्यमाञ्चल विकास क्षेत्र | सचिव, कृषि तथा सहकारी मन्त्रालय |
| १२. श्री रामकृष्ण पन्त | रा. प. विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालय अतिरक्त समूह | सचिव, लोक सेवा आयोग |
| १३. श्री जनकराज जोशी | रा. प. विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालय, अतिरिक्त समूह | सचिव, उच्चस्तरीय शान्ति समितिको सचिवालय |
| १४. श्री उमेशप्रसाद मैनाली | रा. प. विशिष्ट श्रेणी सामान्य प्रशासन मन्त्रालय, अतिरिक्त समूह | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १५. श्री भरतबहादुर थापा | रा. प. विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालय, अतिरिक्त समूह | सचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| १६. श्री माधवप्रसाद घिमिरे | रा. प. विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालय, अतिरिक्त समूह | सचिव, सामान्य प्रशासन मन्त्रालय |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८७